# नेपाल विद्दयुत प्राधिकरण

## स्मार्ट मिटर सम्बन्धि जानकारी पुस्तिका

## स्मार्ट मिटर भनेको के हो ?

- स्मार्ट मिटर एक इलेक्ट्रोनिक उपकरण हो जसले सूचना रेकर्ड गर्दछ जस्तै इलेक्ट्रिक ऊर्जाको खपत, भोल्टेज स्तर, करेन्ट र पावर फ्याकटर।
- स्मार्ट मिटर पुरानो मिटर जस्तै बिजुली खपतको प्रयोग मापन गर्ने यन्त्र हो तर स्मार्ट मिटरले ग्राहकहरुलाई स्वचालित रुपमा मिटरको खपत को जानकारी गराउँदछ ।
- नेपाल विद्दयुत प्राधिकरण र ग्राहक बिच विद्दयुत खपत को सूचना आदान प्रदान सहज बनाउँछ।
- एक क्लिकमा थुप्रो सेवाहरु प्रदान गर्ने क्षमता भएको मिटर हो।



## स्मार्ट मिटर किन जडान गर्ने ?

- आजको प्रविधि प्राय जसो सबै विद्दयुतमा निर्भर छ, र अहिलेको डिजिटल संसारमा छिटो छरितो सेवाका लागि विद्दयुत अति आवश्यक छ।
- ग्राहकले आफू जुनसुकै ठाउँमा हुँदा पनि घरको खपत र विद्दयुत सम्बन्धि अन्य जानकारी पाउन सकिने।
- स्मार्ट घर एक नमुनाको रुपमा लिन सकिन्छ, जहाँ घर र विद्दयुतको नियन्त्रण आफ्नो हातमा लिन सकिन्छ।
- पुरानो मिटरमा यि सुविधाहरु छैन।
- स्मार्ट मिटरले घरमा भएका बिजुलीका उपकरणहरुलाई ग्राहकले खपत अनुसार नियान्त्रण गर्न सकिनेछ।

## स्मार्ट मिटरले ग्राहकहरुलाई कसरी सहज बनाँउछ?




## स्मार्ट मिटरले कसरी काम गर्छ?




- ग्राहकले विद्दयुत सुविधाको बिलहरु र अन्य महत्वपूर्ण सूचनाहरु Mobile Application, Mobile SMS वा Web Portal बाट प्राप्त गर्न सकिनेछ। साथै ग्राहकहरुले उजूरी र सेवा अनुरोधहरु पनि Mobile Application बाटनै गर्न सकिनेछ।
- Smart Meter ले विद्दयुत खपतको जानकारी दिनकै विद्दयुत प्राधिकरणलाई गर्छ।
- विद्दयुत उपभोक्ताले Real Time मा आफ्नो बिजुलीको बिल खाता हेर्न र अनुगमन गर्न सकिनेछ।

## केहि जिज्ञासाहरु

के स्मार्ट मिटरले दिने विद्दयुट अंक सहि हुन्छ?

- स्मार्ट मिटर तपाईको घरमा जडान हुनु अगाडि, पुर्ण रुपमा मापन मापदण्ड अनुसार मिटर Testing Lab मा जाँच गरि मात्र पठाएको हुन्छ।




के मेरो मिटर डाटा सरक्षित छ?

- नेपाल सरकार, विद्दयुत प्राधिकरण र मिटर निर्माताले मिटर डाटाको सुरक्षा सुनिश्चित गरेको हुन्छ। Industry Standard अनुसारनै मिटरको डाटालाई सुरक्षा दिने प्रावधान भएकोले विश्वास गर्न सकिन्छ।



स्मार्ट मिटर जडान गर्न कति खर्च लाग्छ?

- स्मार्ट मिटर जडानको खर्च ग्राहले व्यहोर्नु पर्ने छैन। तर मासिक विद्युत खपतको भने पहिले जस्तै सुल्क लाग्ने छ। स्मार्ट मिटरले वितरक र ग्राहक दुबै पक्षलाई धैरै सहज बनाउने छ।

